हुने शहरी विकास मन्त्री चौधरी
दिनुभयो । राप्ती नदीमा आउने
कारण हुने कटान, डुबानको स
दीर्घकालीनरूपमा समाधान गर्ने
क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउ
राखिएको उहाँले बताउनुभयो ।
'यो परियोजनाले राप्ती नदी
सधैंका लागि समाधान गर्नेछ,' उ
'सयौं बिगाह जमिन उकास हुन्छ
आधार मानेर नयाँ शहर निर्माण
बढ्छ ।' लुम्बिनी प्रदेशको राजध

## श्री माउण्ट रोजिन
## जिल्लाबाट खोटेस

यस उद्योगले दोलखा जि
प्रस्ताव गरिएकोले वातावरण
यस उद्योगबाट गरिने खोटो
वातावरणमा के कस्ता अस
सरोकारवाला निकायहरुले अ
हार्दिक अनुरोध छ।

| सि.न. | सा.व.उ.स.को |
|---|---|
| १ | लक्ष्मी सागर सा. |
| २ | खहरे भदौरे सा.व |
| ३ | सिमपानी खहरे सा |
| ४ | वुढाभीमसेन सा.व |
| ५ | आईतबारे सा.व. |
| ६ | ठाडीखोरीया सा.व |
| ७ | बालुवा भुमेथान सा |
| ८ | लुकापानी भोटेछाँप सा.व.उ.स. |
| ९ | मुलपानी सा.व. |
| १० | ज्योति खहरे सा.व |

राय सुझाव पठाउने ठेगान
१. श्री माउण्ट रोजिन एण्ड
२. श्री डिभिजन वन कार्याल
३. श्री वन निर्देशनालय, बा

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छाङ्ग, तनहुँ
## गण्डकी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामान खरिद कार्यको विद्युतिय माध्यमवाट दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०५।०२**

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकोले ई–विडिङ्ग मार्फत दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र फारम २०७९।०५।१७ गते दिनको १२:०० बजेसम्म PPMO's को website http://www.bolpatra.gov.np वाट Download गर्न सकिनेछ । दरभाउपत्र खरिद वापतको दस्तुर यस कार्यालयको लक्ष्मी बैंक लि., वर्पु शाखामा रहेको खाता नं. : ग. १. १ : ०७८०३०००१३० मा जम्मा रकम रु. एक हजार रुपैया मात्र जम्मा गरि बैंक भौचर पेश गर्नुपर्नेछ । दरभाउपत्रहरु २०७९।०५।१७ गते दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र पेश गर्दा चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यवसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम क वर्गको बैंकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्क पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापतको रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संभौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । संभौता हुदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ । साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. वोलपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

६. सुई, धुलो र फोल औषधी बाहेक संपूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

७. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

८. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

९. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र **नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि** भन्ने वाक्याँश उल्लेख भएको हुनुपर्नेछ ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाफिएको र ब्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

११. विदेशी औषधीको हकमा औषधी ब्यवस्था बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ ।

१३. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

१४. वोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१५. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१६. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | बिबरण | लागत अनुमान (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २–२०७९/०८० | औषधी तथा सर्जिकल सामानहरु खरिद | रु. १७,९९,९९९.८६/–(सत्र लाख उन्नसय हजार नौ सय उनन्सय रुपैया छयासी पैसा मात्र) | रु. ४५,०००/– (पैतालीस हजार रुपैया मात्र) | रु. १,०००.०० (एक हजार रुपैया मात्र ।) | |